# राजविराज नगरपालीका
## नगर कार्यपालिकाको कार्यालय
### राजविराज, सप्तरी २ नं. प्रदेश, नेपाल

प.स.
च.नं.

विषय : पोखरी ठेक्का खुला डाक बढाबढ आह्वानको सुचना ।

प्रथम पटक  प्रकाशित मिति :२०७५ । ०४ । २८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेका पोखरीहरुको ठेक्का आ.ब.२०७५।०७६ देखि ३ बर्षका लागि ठेक्का बन्दोवस्त गर्न खुला डाक बढाबढी गर्नु पर्ने भएकोले सर्व साधारणको जानकारीका लागी यो १५ दिने सुचना प्रकाशित गरिएको छ । डाक बढाबढ हुने मिति २०७५।०५।११ गते इच्छुक नेपाली नागरिकले तपसिलको शर्त परिधि भित्र रही डाक बढाबढीमा भाग लिन आउनु होला । बढीवालाको डाक स्वीकृत गर्ने नगर्ने अधिकार न.पा. को सुरक्षित रहने छ ।

## शर्त तथा बन्देजहरु

१. आ.व. २०७५।०७६ देखि ३ बर्षका लागि पोखरीको ठेक्काको न्युनतम रकम निम्न अनुसार कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही डाकबालालाई नियमानुसार तीन बर्षका लागि ठेक्का दिइ चलन गर्न दिईने छ ।

| क्र.सं. | ठेक्काको नाम | न्युनतम अंक |
|---|---|---|
| १ | धनही पोखरी राजविराज वडा नं. १६ | १,५०,०००।०० |
| २ | खेली पोखरी राजविराज वडा नं. १६ | १,०५,०००।०० |
| ३ | धारी पोखरी राजविराज वडा नं. १६ | ७५,०००।०० |
| ४ | गढी पोखरी राजविराज वडा नं. १६ | १५,०००।०० |
| ५ | रंजिपुरमा रहेको पोखरी वडा नं. १६ | १५,०००।०० |

२. डाक बढाबढी हुने मिति २०७५।०५।११ गते दिउसो १:०० बजे देखी राजविराज नगरपालिका १६ नम्बर वडा कार्यालयमा ५:०० बजे सम्म हुने छ ।

३. डाक बोल्ने व्यक्ति वा फर्मले डाक बोल्ना साथ आफुले साकार गरेको अंकको ५% तुरुन्त धरौटी राख्नु पर्ने छ ।

४. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । डाक स्वीकृत हुनेको घरमा अनिवार्य सौचालय हुनु पर्ने छ ।

५. डाक स्वीकृत हुनेले ठेक्का अंकको दामासाहीले हुने धरौटी बाहेकको ३ बर्षलाई कबोल गरेको रकमको बार्षिक दामासाहिले हुने रकम मध्ये पहिलो किस्ता (बार्षिक हुन आउने रकम) सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनु पर्ने छ । बाकि रकम प्रत्येक बर्ष श्रावण मासान्त भित्र न.पा.मा अग्रिम रुपमा बुझाउनु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ३००।- (तिन सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । सम्झौता गर्दा दाखिला गरेर बाकि रकमको हकमा ठेक्का बाकि अवधिको म्याद भएको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी) वा नगरक्षेत्र भित्रको धन तथा जेथा जमानी) दिनु पर्ने छ ।

६. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुलउपर गर्न सक्ने छ ।

७. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन विनाशर्त पालना गर्नु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

८. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

९. ठेक्का चलनमा कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाइएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

१०. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

११. कुनै किसिमको हडताल, बन्द, चक्काजाम वा बाढि पहिरो आदि भएका दिनको वा क्षति विबरण खुलाई रकम मिन्हा माग्ने पाईनेछैन ।

१२. स्वीकृत कबोल रकम ३ वर्षको एक मुष्ठ जम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१३. पोखरीको मााछा झिक्दा बिषादीको प्रयोग करेन्ट लगाउने, विष्फोट गर्न पाउने छैन, उक्त पोखरी सफा सुघर राख्नु पर्ने छ । पोखरीमा नुहाउन र पानी लिन, प्रचलित संस्कार मनाउन मनाहि गर्न पाउने छैन ।

१४. पोखरी हाल जुन अवस्थामा छ, सोहि अवस्थामा ठेक्का संचालन गर्नु पर्नेछ, र पछि बाढि वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डील भत्केमा वा टुटेमा ठेकेदारले स्वयंम मर्मत गरि माछा पालन गर्नु पर्नेछ । सो मा लाग्ने खर्च न.पा.ले ब्योहोर्ने छैन । पोखरीको सुन्दरतामा अभिवृद्धि गरि सफा सुग्घर राख्नु पर्ने छ ।

१५. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१६. वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।

१७. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१९. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२०. डाक बढाबढ गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।